मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

वर्ष २७ | अङ्क १६९ | श्रेणी क्षेत्रीय 'क' | २०८३ असार २० गते शनिबार | 4 July 2026 | पृष्ठ ४ | मूल्य रु. ५।–

## संयुक्त बजार अनुगमन, गुणस्तरहिन वस्तु नष्ट

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असार

पोखरामा ५ दिन संयुक्त बजार अनुगमन गर्दा मणिपाल शिक्षण अस्पतालको क्यान्टिन, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका क्यान्टिन सहित ७ व्यवसायलाई जनही ५० हजार जरिवाना गरिएको छ।

कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालको नेतृत्वमा प्रशासन सहित पोखरा महानगर सहित अन्य सरोकारवालाहरुको अनुगमन टोलीले असार १५ देखि १९ गतेसम्म ५ दिन गरेको बजार अनुगमनका क्रममा पोखराका एक सामुदायिक हस्पिटल पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको क्यान्टिन र मणिपालका क्यान्टिनहरुलाई ५० हजार जरीवाना गराएको प्रशासनले आज (शुक्रबार) जारी गरेको प्रेस विज्ञेप्तिमा उल्लेख गरेको छ। पोखरा महानगरपालिका क्षेत्र भित्र उपभोक्ता हितविपरीत गुणस्तरहिन तथा लेवलिङ नभएका तथा सरसफाईमा लापरवाही भएका क्यान्टिन सहित केही पसलहरुलाई प्रशासनले ७ वटालाई कारवाही गरेसंगै हालसम्म ५ वटा पसलले ५० हजार जरीवाना बुझाएको प्रशासनले जनाएको छ।



अनुगमनका क्रममा पोखरा-११ स्थित मणिपाल शिक्षण अस्पतालका दुईवटा चमेना गृह न्यूटी किचन प्रा.लि. र सर्वगुण फुड्स एण्ड किचनलाई असार १५ गते अनुगमन गरिएको थियो। न्यूटी किचनबाट ८ थान भेज प्याटिज, १७ थान चिकेन प्याटिज र १६ थान बेकरीजन्य सामग्री गरी करिब ३ हजार ६८० रुपैयाँ बराबरका म्याद गुज्रिएका खाद्यवस्तु जफत गरी नष्ट गरिएको प्रशासनले जनाएको छ। यस्तै, सर्वगुण फुड्स एण्ड किचनबाट पनि ४७ थान म्याद नाघेका बेकरीजन्य सामग्री नष्ट गरिएको विज्ञेप्तिमा उल्लेख गरिएको छ।

यसैगरी, पोखरा-६ बैदामस्थित पर्यटकीय क्षेत्र लेकसाइडमा सञ्चालित श्रीकृष्ण माडवारी रेष्टुरेन्ट (भोजनालय) लाईपनि ५० हजार रुपैयाँ जरिवाना गरिएको छ। पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिमाञ्चल क्षेत्रीय अस्पताल) को चमेना गृहमा सञ्चालित सुनिल भेराइटी तथा खुद्रा कपडा पसल (सुनिल क्यान्टिन), पोखरा-६ बैदामकै गुड डे हस्पिटालिटी प्रा.लि. र जेनिसा केमिकल्सलाई पनि बजार मापदण्ड उल्लङ्घन गरेको कसुरमा जनही ५० हजार रुपैयाँ जरिवाना गरिएको छ। यसका साथै, अनुगमन टोलीले पोखरा-१८ सेदीमा रहेका अञ्जली खाजा घर, असिम फेभा फ्रेस हाउस तथा किराना पसल, दाहाल किराना पसल, तथा अन्य क्षेत्रका न्यौपाने किराना पसल र जयसवाल सिड्स सेन्टरबाट समेत म्याद गुज्रिएका, लेबल नभएका तथा अखाद्य सामग्रीहरू (जस्तैः रंग हालेको पकौडा, अखाद्य रंग, अमिलो माडा, म्याद नाघेका मसला आदि) बरामद गरी नष्ट गरेको छ। उपभोक्ताको स्वास्थ्य र स्वच्छताबारे नागरि कस्तरबाट आएका व्यापक गुनासो, पत्रपत्रिका तथा सामाजिक सञ्जालमा व्यक्त असन्तुष्टिका आधारमा यो आकस्मिक एवं सघन अनुगमन अभियान चलाइएको सहायक प्रमुख जिल्ला अधिकारी बरालले बताउनु भयो। सहायक प्रमुख जिल्ला अधिकारी बरालले भन्नुभयो "पुनः यस्ता गतिविधि दोहोरिए प्रचलित कानून बमोजिम कडाभन्दा कडा कारबाही र व्यवसाय नै बन्द गर्नेसम्मको चेतावनी दिएका छौँ।"

सहायक प्रजिअ बरालका अनुसार अधिकांश स्थानमा खाद्य सामग्रीको गुणस्तर र सरसफाइमा लापरबाही, लेबल र उत्पादन/उपभोग मिति स्पष्ट नभएका वस्तुको बिक्री, तथा सर्वसाधारणले देख्ने गरी मूल्यसूची नराखिएको पाइएको छ। टोलीमा पोखरा महानगरपालिका स्वास्थ्य महाशाखाका प्रतिनिधि एवं जनस्वास्थ्य निरीक्षकहरू धर्मराज चौलागाईं र विष्णुराज घिमिरे, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय पोखराका खाद्य अनुसन्धान अधिकृत दीपक कुँवर, एकीकृत सेवा कार्यालय, जिल्ला प्रशासन कार्यालयका नायब सुब्बा नवीनप्रसाद अधिकारी, वडा प्रहरी कार्यालय बैदामका प्रहरी सहायक निरीक्षक पुनित हजारा, राष्ट्रिय उपभोक्ता मञ्च कास्कीका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सात विश्वविद्यालयमा उपकुलपति नियुक्त

**रासस**
काठमाडौं, १९ असार

प्रधानमन्त्री तथा विश्वविद्यालयका कुलपति वालेन्द्र शाहले त्रिभुवन विश्वविद्यालयसहित विभिन्न सात विश्वविद्यालयका उपकुलपति नियुक्त गर्नुभएको छ।

विश्वविद्यालयका उपकुलपति छनोट तथा सिफारिस समितिद्वारा सिफारिस उम्मेदवारमध्येबाट कुलपति शाहले उपकुलपतिहरू नियुक्त गर्नुभएको हो। जसअनुसार त्रिभुवन विश्वविद्यालयको उपकुलपतिमा प्रा डा भोला थापा नियुक्त हुनुभएको छ। सुदूरपश्चिम विश्वविद्यालयको उपकुलपतिमा किसन दत्त भट्ट नियुक्त हुनुभएको छ। मध्यपश्चिम विश्वविद्यालयको उपकुलपतिमा राजन सुवाललाई नियुक्त गरिएको छ।

त्यसै गरी, कृषि तथा वन विश्वविद्यालयमा ऋषिराम कट्टेल, राजर्षि जनक विश्वविद्यालयमा श्यामनारायण लाभ, पोखरा विश्वविद्यालयमा देवेन्द्र अधिकारी र पूर्वाञ्चल विश्वविद्यालयमा सुजन बाबु मरहट्टा उपकुलपति पदमा नियुक्त हुनुभएको छ। नवनियुक्त उपकुलपतिहरूलाई शिक्षा तथा खेलकुद मन्त्री तथा विश्वविद्यालयका सहकुलपति सस्मित पोखरेलले आज मन्त्रालयमा नियुक्ति पत्र प्रदान गर्नुभयो। खुला प्रतिस्पर्धाबाट उपकुलपतिलाई नियुक्त गरिएको हो। उपकुलपतिको नाम सिफारिस गर्न शिक्षामन्त्री तथा विश्वविद्यालयका सहकुलपति पोखरेलको अध्यक्षतामा सिफारिस समिति गठन गरिएको थियो। उक्त समितिले विज्ञको नेतृत्वमा अर्को उपसमिति बनाएर उपकुलपति छनौट गरिएको हो।

'विभिन्न विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी एकीकृत कार्यविधि, २०८३' बमोजिम पहिलो पटक एकीकृत प्रक्रियामार्फत उपकुलपति नियुक्ति प्रक्रिया अघि बढाइएको थियो। सरकारले गत वैशाख २४ गते त्रिभुवन विश्वविद्यालयसहित आठ विश्वविद्यालयमा रिक्त उपकुलपति पदका लागि दरखास्त आह्वान गरेको थियो।

## प्रमुख निर्वाचन आयुक्तमा कार्की सिफारिस


**रासस**
काठमाडौं, १९ असार

संवैधानिक परिषद्ले प्रमुख निर्वाचन आयुक्त पदमा मानबहादुर कार्की (मोरङ)लाई नियुक्तिका लागि सिफारिस गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शुक्रबार बसेको परिषद्को बैठकले प्रमुख निर्वाचन आयुक्तका कार्कीको नाम सिफारिस गर्ने निर्णय गरेको हो।

बैठकले रिक्त निर्वाचन आयुक्तमा डा राजीव सुब्बा (काठमाडौँ) र यही असार २३ गतेदेखि रिक्त हुने निर्वाचन आयुक्त पदमा गुरुप्रसाद वाग्ले (ओखलढुङ्गा)लाई नियुक्तिका लागि सिफारिस गर्ने निर्णय गरेको परिषद्का सदस्य एवं प्रतिनिधिसभाका उपसभामुख रुवीकुमारी कर्णले जानकारी दिनुभयो।

संवैधानिक परिषद्ले प्रमुख निर्वाचन आयुक्त तथा निर्वाचन आयुक्तसहित विभिन्न संवैधानिक निकायका रिक्त पदमा योग्य व्यक्तिको नाम सिफारिस गर्ने संवैधानिक व्यवस्था छ।




## रोजगार मेलामा जागिर खोज्नेहरुको लर्को

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असार

पोखरामा शुक्रबार आयोजना भएको रोजगार मेलामा जागिरमा भाग्य अज्माउनेहरुको ठूलो भिड देखियो।

पोखरा महानगरपालिकाको प्रवर्द्धन एवं पोखरा उद्योग वाणिज्य संघ तथा ग्रोथ सेलर्स प्रालिको आयोजनामा भएको मेलामा सयौंले जागिर पनि सुनिश्चित गरे।



पोखरा महानगरपालिका अन्तर्गत व्यवसाय प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक नवराज अधिकारीका अनुसार पोखरा जब फेयर २०२६ मा आफूले चाहेको जागिरका निम्ति अनलाइनबाट पनि आवेदन माग गरिएीको थियो। उनका अनुसार करिव १८ सय जनाले अनलाइनबाट आवेदन दिएका थिए भने ५ हजारको हाराहारीमा युवायुवतीहरु त्यहाँ रहेका ५१ वटा स्टलमा जागिरबारे जानकारी लिन पुगेका थिए। कति जनाको जागिर सुनिश्चित भयो भन्नेबारे चाहिँ केही दिनमा थाहा हुने उनले बताए। पोखरा ६ बुलौंदीमा रहेको इभेन्ट सेण्टरको भिड हेर्दा उनी सत्यको नजिक देखिए। यसअघि मेलाको पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले उद्घाटन गरेका थिए। उनले उद्यमशिला विकास, रोजगारी सृजना र स्वरोजगारीयुक्त जनशक्ति तयार गर्ने सन्दर्भमा पोखरा महानगरपालिका निरन्तर लागिरहेको बताए। महानगरले नगरवासीलाई दक्ष र सीपयुक्त बनाउँदै रोजगारीसँग जोड्ने तथा आवश्यक परे बीउपूँजी पनि उपलब्ध गराउने काम अगाडि बढाए पनि नगर क्षेत्रबाट सोचेजस्तो जागिरको खोजी नभएको उनको भनाइ थियो। कार्यक्रममा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघ तथा पोखरा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष आनन्दराज मुल्मीले रोजगारी खोज्नु स्वभाविक भए पनि युवाहरुले उद्यमशिलतातर्फ पनि पाइला चाल्नुपर्ने बताए।

कार्यक्रम तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले हरेक वर्ष श्रम बजारमा आउने ५ लाख हाराहारी युवाहरुलाई कसरी देशमै रोक्ने,कसरी सिर्जनशील तुल्याउने भन्नेतर्फ राज्यले ध्यान दिनुपर्ने बताए।

उनले भने,'कुनै पनि देश रेमिट्यान्सले धनी हुँदैन। धनी हुनको लागि उत्पादकत्व बढ्नुपर्छ। उद्योग/व्यवसाय गर्नुपर्छ। मुख्य कुरा युवा जनशक्ति देशमै बस्ने वातावरण निर्माण हुनुपर्छ।'

जागिर खोज्ने जनशक्तिमात्र नभएर जागिर दिने जनशक्ति उत्पादन अपरिहार्य भएको बताउँदै नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्यसमेत रहेका कार्कीले थपे,'नेपाल उद्योग वाणिज्य महासंघ र पोखरा उद्योग वाणिज्य संघ अहिले पनि जागिर मुखी मानसिकता हैन कि सिर्जनशील मानसिकताको विकास हुनुपर्छ, हाम्रा विश्वविद्यालयहरुले सर्टीफिकेट बोकेर जागिर खोज्न धाउने जनशक्ति हैन कि उद्योग/व्यवसाय गर्ने साहसिक मनहरु जन्माउनु पर्छ भन्ने धारणा राख्छ। हामीले हाम्रो तर्फबाट त्यसका निम्ति सक्दो प्रयत्न गरिरहेका छौँ।'पोखरा उद्योग वाणिज्य संघकी महासचिव शोभा गौतमको संचालन रहेको कार्यक्रममा पोखरा महानगरपालिका वडा नम्बर १४ का अध्यक्ष बोधराज कार्की, १७ की अध्यक्ष राधिका शाही ठकुरी, महानगरका प्रमुख प्रशासकीय अधिकृत मुक्तिराम अर्याल,पोखरा उद्योग वाणिज्य संघका उपाध्यक्ष दिनेशचन्द्र बास्तोला, ग्रोथ नेपाल प्रालिका संस्थापक मोहन ओझा,नेपाल पत्रकार महासंघ कास्कीकी उपाध्यक्ष कञ्चन थापा कोइरालालगायतले मन्तव्य राखेका थिए। पोखरा उद्योग वाणिज्य संघका उद्योग उपाध्यक्ष तथा संघको तर्फबाट मेला संयोजक दिनेशचन्द्र बास्तोलाका अनुसार मेलामा रोजगार चाहनेहरुले आफ्नो व्यक्तिगत विवरण पेश गर्नेदेखि रोजगारदाताबाट आफूलाई चाहिएको जनशक्तिको खोजी भएको थियो।

# एक महिनामा ८० हजार विदेशी पर्यटक मुस्ताङ भित्रिए

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १९ असार

सन् २०२६ को जुन महिनामा ८० हजार २५३ विदेशी पर्यटक मुस्ताङ भित्रिएका छन् ।

राष्ट्रिय प्रकृति संरक्षण कोष अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) जोमसोमका अनुसार सन् २०२६ को जुन महिनामा ७८ हजार ६७० जना सार्क राष्ट्रबाट र एक हजार ५८३ जना अन्य राष्ट्रका पर्यटक मुस्ताङ भ्रमणमा आएका हुन् ।

कूल भित्रिएका विदेशी पर्यटकमध्ये ९८ दशलमव ०२ प्रतिशत सार्क राष्ट्र तथा एक दशमलव ९७ प्रतिशत अन्य राष्ट्रका पर्यटक रहेका एक्याप जोमसोमका कार्यालय प्रमुख राजेश गुप्तले जानकारी दिनुभयो । जुन महिनामा मुस्ताङ भित्रिएका विदेशी पर्यटकमध्ये ९५ प्रतिशतभन्दा बढी भारतीय पर्यटक रहेको उहाँले बताउनुभयो।

सन् २०२६ को मे महिनामा ६५ हजार ९९४ विदेशी पर्यटक मुस्ताङको भ्रमणमा आएका थिए । यसरी भित्रिएका पर्यटकमध्ये सार्क राष्ट्रका ६१ हजार ७९८ तथा अन्य राष्ट्रका चार हजार १९६ जना रहेका छन् । एक्याप जोमसोम



कार्यालयका अनुसार सन् २०२५ को जुन महिनामा कुल २० हजार ८६८ विदेशी पर्यटक मुस्ताङ भित्रिएका थिए । सो महिनामा सार्क राष्ट्रबाट १९ हजार ६४९ र अन्य मुलुकबाट एक हजार २० ९ विदेशी पर्यटकले मुस्ताङको भ्रमण गरेका थिए ।

एक्याप प्रमुख गुप्तका अनुसार सन् २०२५ को जुन महिनाको तुलनामा सन् २०२६ को जुन महिनामा मात्रै मुस्ताङ जिल्लामा ५९ हजार ३९५ विदेशी पर्यटकको यहाँ आगमनमा वृद्धि भएको थियो । सन् २०२६ को जनवरीदेखि जुनसम्मको ६ महिनाको अवधिमा दुई लाख २२ हजार ९९२ विदेशी पर्यटकले मुस्ताङको भ्रमण गरेका थिए । जसमध्ये सार्कतर्फ दुई लाख आठ हजार ११ जना र अन्य राष्ट्रतर्फ १४ हजार ९८१ जना रहेका एक्याप प्रमुख गुप्तले जानकारी दिनुभयो ।

यसअघि सन् २०२५ को जनवरीदेखि जुनसम्मको ६ महिनाको अवधिमा ९८ हजार ४८१ विदेशी पर्यटक मुस्ताङ भित्रिएका थिए । एक्याप कार्यालयको तथ्याङ्कअनुसार सन् २०२५ को तुलनामा सन् २०२६ जुनसम्मको ६ महिना अवधिमा एक लाख २४ हजार ५११ जनाले मुस्ताङको भ्रमण गरेका थिए । एक्याप जोमसोम कार्यालयको तथ्याङ्कअनुसार सन् २०२५ को जनवरीदेखि डिसेम्बरसम्म कूल एक लाख ६१ हजार १४२ विदेशी पर्यटकले मुस्ताङको भ्रमण गरेका थिए । सन् २०२६ मा भारतीय पर्यटकको मुस्ताङ आगमन अत्यधिक रुपमा वृद्धि भएको छ । मुस्ताङ भित्रिएका विदेशी पर्यटकमध्ये ९५ प्रतिशतभन्दा बढी भारतीय पर्यटक रहेका एक्यापको तथ्याङ्कमा उल्लेख छ । छिमेकी देश भारतबाट उल्लेख्य सङ्ख्यामा भारतीय पर्यटक मुक्तिनाथ दर्शन गर्न आउने गरेका एक्याप प्रमुख गुप्तले बताउनुभयो ।

मुस्ताङ भित्रिएका भारतीय पर्यटकमध्ये ५० प्रतिशतले आफ्नै देशबाट निजी सवारीसाधन लिएर मुक्तिनाथ दर्शनका लागि आउने गरेका छन् । मुक्तिनाथ दर्शन गर्न मुस्ताङ आएका भारतीय पर्यटकको उपस्थितले मुस्ताङसहित म्याग्दी, बाग्लुङ र पोखराका होटल पर्यटकले भरिभराउ छन् । मुस्ताङ आएका अधिकांश भारतीय पर्यटक मुक्तिनाथ दर्शन गरी फर्किने गरेका पाइएको छ ।

यसैगरी अन्य राष्ट्रका पर्यटक भने राउण्ड अन्नपूर्ण चक्रिय पदमार्गअन्तर्गत मनाङ हुँदै मुस्ताङ भित्रिने गरेका छन भने कतिपय अन्य राष्ट्रका विदेशी पर्यटक पोखरा-जोमसोम हवाईमार्ग र बेनी-जोमसोम सडकमार्ग हुँदै मुस्ताङ भित्रिने गर्छन । एक्याप लोमान्थाङका अनुसार मुस्ताङ भित्रिएका पर्यटकमध्ये तीन प्रतिशतले मात्रै उपल्लो मुस्ताङको भ्रमण गर्ने गरेका छन् ।



राडर गनद्वारा सवारी साधनको मापन :
कास्कीको पोखरा महानगरपालिका वडा नं २५ हेम्जामा पर्ने भूपी शेरचन मार्गमा जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीले राडर गनद्वारा बिहीबार दिउँसो सवारी साधनको गति मापन गर्दै । तस्बिरः देवेन्द्र गुरुङ/रासस

# गण्डकीमा मिडिया समिट

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असार

'स्वच्छ प्रेस, समुन्नत गण्डकी प्रदेश' भन्ने आदर्श वाक्यसहित पोखरामा शनिबार 'गण्डकी मिडिया समिट' आयोजना हुने भएको छ ।

प्रेस रजिष्ट्रारको कार्यालय, गण्डकी आयोजक रहेको समिटमा नेपाली सञ्चार जगतका समसामयिक चुनौती र अवसरबारे बहस हुने जनाइएको छ ।

गण्डकी प्रदेशको आमसञ्चार क्षेत्रलाई थप मर्यादित, प्रविधिमैत्री र उत्तरदायी बनाउन मिडिया समिट आयोजना गरिएको प्रेस रजिष्ट्रार विमला भण्डारीले बताउनुभयो । कार्यक्रममा मिडिया अर्थतन्त्र, पत्रकारितामा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) लगायत विषयमा विज्ञ समूहरुबीच छलफल हुने उहाँको भनाइ छ ।

सोही अवसरमा अग्रज पत्रकार सम्मान तथा अनुभव अभिलेखीकरण कार्यक्रमसमेत हुने जनाइएको छ ।

कार्यक्रममा 'हाम्रो समयको पत्रकारिता' पुस्तक विमोचन हुने प्रेस रजिष्ट्रार भण्डारीले बताउनुभयो । मिडिया समिटमा गण्डकी प्रदेशका ११ वटै जिल्लाका पत्रकार, मिडिया उद्यमीलगायतको सहभागिता रहने उहाँको भनाइ छ ।

# पोखरा रंगशालामा खेलाडी तथा खेलकुदकर्मीलाई शुद्ध पिउने पानी

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असार

पोखरा रंगशालामा अभ्यास, प्रतियोगिता तथा अन्य गतिविधिमा सहभागी हुने खेलाडी, प्रशिक्षक, खेलकुदकर्मी, दर्शक तथा आगन्तुकले अब निःशुल्क शुद्ध पिउने पानीको सुविधा पाउने भएका छन् ।

पोखरा महानगरपालिका वडा नं। १० ले रंगशालामा शुद्ध पिउने पानीको पहुँच सुनिश्चित गर्ने उद्देश्यले करिब १ लाख ५० हजार रुपैयाँ लागतको युरोगार्ड आरओ वाटर प्युरिफायर जिल्ला खेलकुद विकास समिति कास्कीलाई हस्तान्तरण गरेको हो। शुक्रबार रंगशालामा आयोजित कार्यक्रममा वडा अध्यक्ष राजेश गुरुङले उक्त फिल्टर हस्तान्तरण गरेका हुन् । कार्यक्रममा वडा अध्यक्ष गुरुङले आफू पनि पूर्वखेलाडी भएकाले रंगशालामा खेलाडीहरूले भोग्ने समस्या



नजिकबाट अनुभव गरेको उल्लेख गर्दै नयाँ पुस्ताका खेलाडीलाई सहज र आधारभूत सुविधा उपलब्ध गराउने उद्देश्यले फिल्टर जडान गरिएको बताए । उनले स्वच्छ पिउने पानी खेलाडीको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको विषय भएकाले यसको संरक्षण र उचित उपयोगमा सबैको साझा जिम्मेवारी रहने उल्लेख गरे ।

गुरुङले रंगशालाको संरक्षण, पूर्वाधार विकास तथा खेलकुद प्रवर्द्धनका अन्य कार्यक्रमहरूमा पनि वडा नं। १० ले निरन्तर सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरे ।

जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष मिलन गुरुङले वडाको सहयोगप्रति धन्यवाद व्यक्त गर्दै रंगशालाको समग्र विकासका लागि स्थानीय तहसँगको सहकार्यलाई अझ प्रभावकारी बनाइने बताए। उनले रंगशालालाई वातावरणमैत्री बनाउने अभियान, सुरक्षा सुदृढीकरणका लागि सिसी क्यामेरा जडान तथा महानगरपालिकासँगको सहकार्यमा पार्किङ व्यवस्थापनलाई समेत प्राथमिकताका साथ अघि बढाइने जानकारी दिए । निर्माता अन्नपूर्ण ट्रेडिङका अनुसार जडान गरिएको युरोगार्ड आरओ वाटर प्युरिफायरबाट तातो र चिसो दुवै प्रकारको शुद्ध पिउने पानी उपलब्ध हुनेछ। फिल्टरले प्रतिघण्टा १०० लिटरसम्म पानी शुद्धीकरण गर्न सक्ने क्षमता राख्नुका साथै १०० लिटर पानी भण्डारण गर्न सक्ने सुविधा पनि रहेको छ ।

जिल्ला खेलकुद विकास समिति कास्कीका कार्यालय प्रमुख डीबी नेपालीका अनुसार यसअघि पनि पोखरा उद्योग वाणिज्य संघले पोखरा रंगशालामा युरोगार्ड आरओ फिल्टर उपलब्ध गराएको थियो। नयाँ फिल्टर जडानसँगै रंगशालामा आउने खेलाडी तथा खेलकुदकर्मीलाई शुद्ध पिउने पानीको सुविधा अझ सहज र प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

# बर्डफ्लु सङ्क्रमणबाट सचेत र सुरक्षित हुन आग्रह

**रासस**
काठमाडौं, १९ असार

काठमाडौँ उपत्यकासहित देशभर एक सय स्थानमा बर्डफ्लुको सङ्क्रमण फैलिएपछि स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले सबैलाई सचेत रहन आग्रह गरेको छ ।

मन्त्रालयले बर्डफ्लु सङ्क्रमणबाट बच्न आवश्यक सतर्कता अपनाउँदै सुरक्षित रहन सबैलाई आग्रह गरेको हो ।

मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले काठमाडौँ उपत्यकासहित मुलुकका एक सय स्थानमा बर्डफ्लु फैलिएको भन्दै आवश्यक सतर्कता अपनाउन सबैलाई आग्रह गर्नुभयो । उहाँका अनुसार सङ्क्रमित, बिरामी वा मरेका पन्छीसँग प्रत्यक्ष सम्पर्क हुनेगरी काम/गतिविधि नगर्न सरोकार भएका सबैलाई आग्रह गरिएको छ ।

त्यस्तै पन्छीको मासु र अण्डा राम्रोसँग पकाएर मात्र खान, मृत पन्छी देखिएमा नजिकको पशु सेवा निकायमा जानकारी गराउन पनि मन्त्रालयले आग्रह गरेको छ । पशु सेवा विभागका अनुसार अहिलेसम्म ११ जिल्लाका एक सय स्थानमा बर्डफ्लुको सङ्क्रमण देखिएको छ ।

"बर्डफ्लु पन्छीमा लाग्ने इन्फ्लुएन्जा भाइरसबाट हुने सङ्क्रामक रोग हो । कहिलेकाही सङ्क्रमित पन्छीसँग प्रत्यक्ष सम्पर्कमा आएका मानिसमा पनि यसको सङ्क्रमण सर्न सक्छ । तर व्यक्ति-व्यक्तिबीच सजिलै यो रोग सर्दैन", डा अधिकारीले भन्नुभयो ।

**कसरी सर्छ मानिसमा**

सङ्क्रमित पन्छीलाई छुँदा वा समात्दा, पन्छीको दिसा, सिगानसँग सम्पर्क हुँदा, सङ्क्रमित पन्छी राख्ने स्थान सफा गर्दा र मरेको पन्छीको मासु खाँदा बर्डफ्लु मानिसमा सर्ने डा अधिकारीले जानकारी दिनुभयो ।

**बर्डफ्लु मानिसमा भएमा देखिने लक्षण**

ज्वरो आउनु, खोकी लाग्ने, घाँटी दुख्ने, श्वास फेर्न गाह्रो हुने, शरीर तथा मासपंशी दुख्ने, अत्यधिक थकान महसुस हुने, वाकवाकी लाग्ने, वान्ता हुने वा पखाला लाग्नेजस्ता लक्षण देखिने गर्दछन् ।

# पोखराका युवालाई महानगरको 'युथ एक्सेलेन्स अवार्ड'

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असार

पोखरा महानगरपालिका नगर युवा परिषद्को आयोजनामा आज सम्पन्न 'युथ फेस्टिभल-२०८३' का अवसरमा छ जना युवालाई 'पोखरा युथ एक्सेलेन्स अवार्ड' प्रदान गरेको छ ।

उद्यमशीलता र नवप्रवर्द्धनमार्फत रोजगारी सृजना गर्ने, पत्रकारिता, पर्यटन, खेलकुद, समाजसेवा तथा अपाङ्गता अधिकारको क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउँदै आएका युवाहरू सम्मानित भएका हुन् ।

यस वर्ष पत्रकारिता विधाबाट दुर्गा रानामगर, पर्यटन क्षेत्रबाट प्रतीक पहारी, समाज सेवा विधाबाट सदिस पुन, युवा उद्यमशीलता, नवप्रवर्द्धन तथा रोजगारी सृजनातर्फ नवज्योति सुवेदी, खेलकुद क्षेत्रबाट नारायणी भण्डारी तथा अपाङ्गता क्षेत्रको सशक्तीकरण विधाबाट सन्ध्या सुवेदी सम्मानित हुनुभयो । उहाँहरूलाई पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले सम्मानपत्र, अवार्ड तथा दोसल्ला ओढाएर सम्मान गर्नुभएको हो ।

नगरप्रमुख आचार्यले पोखरालाई अवसरको सहरका रूपमा विकास गर्न युवाको भूमिका निर्णायक हुने बताउनुभयो। "युवाको सृजनशील सोच, नवीनतम् अवधारणा र सामाजिक उत्तरदायित्वलाई संस्थागत रूपमा प्रोत्साहन गर्न महानगर प्रतिबद्ध छ । युवाले रोजगारी खोज्नेमात्र नभई रोजगारी सृजना गर्ने वातावरण निर्माण गर्नु आजको आवश्यकता हो", प्रमुख आचार्यले भन्नुभयो । नगर युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष न्यौपानेका अनुसार अवार्डका लागि विभिन्न क्षेत्रबाट प्राप्त सिफारिस, योगदान, प्रभाव र उपलब्धिका आधारमा प्रतिभा छनोट गरिएको हो । उहाँले अवार्ड केवल सम्मानमा सीमित नभई समाजमा सकारात्मक परिवर्तन ल्याइरहेका युवालाई थप हौसला प्रदान गर्ने माध्यम भएको बताउनुभयो । यस वर्षका सम्मानित व्यक्तिहरूको छनोट प्रा डा भीमनाथ बरालको संयोजकत्वमा गठित प्रतिभा छनोट समितिको सिफारिसका आधारमा गरिएको हो । समितिमा तेज गुरुङ, मनोहर कडरिया, केशवशरण लामिछाने, अञ्जु केसी र विक्रम कर्माचार्य सदस्य रहनुभएको थियो । समितिले सम्बन्धित क्षेत्रमा व्यक्तिहरूले पुर्‍याएको योगदान, नेतृत्व क्षमता, नवप्रवर्द्धन, सामाजिक प्रभाव र प्रेरणादायी भूमिकालाई मूल्याङ्कन गरी अन्तिम नाम सिफारिस गरेको परिषद्ले जनाएको छ ।

नगर युवा परिषद्ले विगत केही वर्षदेखि युवालाई केन्द्रमा राखेर सीप विकास, नेतृत्व विकास, उद्यमशीलता प्रवर्द्धन, स्वरोजगार, नवप्रवर्द्धन तथा सामाजिक सशक्तीकरणका विविध कार्यक्रम सञ्चालन गर्दै आएको छ । परिषद्का अनुसार हालसम्म सात हजारभन्दा बढी युवालाई विभिन्न सीपमूलक तालिम, उद्यमशीलता विकास, रोजगारी अभिमुखीकरण तथा क्षमता अभिवृद्धिका कार्यक्रममा सहभागी गराइसकिएको छ । परिषद्का यी कार्यक्रमले धेरै युवालाई स्वरोजगार तथा व्यवसायमा आबद्ध गराउनसमेत सहयोग पुगेको जनाइएको छ ।

## संयक्त ...

अध्यक्ष राजेन्द्र लिगल तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो । जिल्ला प्रशासन कार्यालय कास्कीले विज्ञप्ति जारी गर्दै आगामी दिनमा होटल, रेष्टुरेन्ट, क्यान्टिन तथा खाद्य व्यवसायमा बजार अनुगमनलाई अझ प्रभावकारी, सघन र निरन्तर बनाइने जनाएको छ । साथै, सम्पूर्ण व्यवसायीहरूलाई देहायका निर्देशनहरू पूर्ण रूपमा पालना गर्न आग्रह गरिएको छ । बिक्री गरिने वस्तु तथा सेवाको मूल्यसूची अनिवार्य रूपमा सबैले देख्ने गरी राख्न, व्यवसाय दर्ता तथा नवीकरणका कागजातहरू दुरुस्त राख्न, खरिद-बिक्रीका बिल वा बिजकहरू अनुगमनका क्रममा माग गर्दा उपलब्ध गराउन सक्ने गरी सुरक्षित राख्न, नियमित सरसफाइ कायम गर्न तथा म्याद गुज्रिएका र लेबल नभएका सामग्रीहरू तुरुन्त हटाउन अनुगमन टोलीले सुझाव दिदै आएको छ ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# केयूको ३१औँ दीक्षान्तमा पन्ध्र सय विद्यार्थी दीक्षित

**रासस**
काठमाडौं, १९ असार

काठमाडौं विश्वविद्यालय (केयू) को ३१औँ दीक्षान्त समारोह (दोस्रो चरण) मा विभिन्न विधाका एक हजार पाँच सय २७ विद्यार्थी दीक्षित भएका छन् ।

शिक्षा तथा खेलकुदमन्त्री एवं सहकुलपति सस्मित पोखरेलको अध्यक्षतामा काभ्रेपलाञ्चोकको धुलिखेलस्थित उक्त विश्वविद्यालयमा शुक्रबार सम्पन्न समारोहमा दीक्षित हुने विद्यार्थीमध्ये ११ दशमलब ७२ प्रतिशत नेपालबाहेक अन्य सात देशका रहेका छन् ।

समारोहमा पोखरेलले उत्कृष्ट शैक्षिकउपलब्धि हासिल गरेका विद्यार्थीलाई प्रमाणपत्र प्रदान गर्नुभयो । कार्यक्रममा एक हजार ५२७ जना विद्यार्थीमध्ये स्कुल अफ आर्ट्र्सका १६१, स्कुल अफ एजुकेशनका ११२, स्कुल अफ इञ्जिनियरिङका ३५५, स्कुल अफ लका ४२, स्कुल अफ म्यानेजमेन्टका १४६, स्कुल अफ मेडिकल साइन्सेजका ५०४ तथा स्कुल अफ साइन्सका ३०७ जना दीक्षान्त भएका छन् ।

य स व ष ा ' केयूले पहिलोपटक ब्याचलर अफ टेक्नोलोजी-आर्टीफिसियल इन्टेलिजेन्स कार्यक्रमका २६, डक्टर मेडिसिन इन निओनाटालोजीअन्तर्गत तीन तथा माष्टर अफ साइन्स इन मेडिकल बायोकेमेष्ट्री एण्ड मोलिक्यूर बायोलोजीअन्तर्गत चार जना विद्यार्थीलाई विभिन्न उपाधि प्रदान गरिने जनाइएको छ । समारोहमा उत्कृष्ट शैक्षिक उपलब्धि हासिल गरेका दुई विद्यार्थीलाई स्वर्णपदक प्रदान गरिएको छ । उपकुलपति स्वर्णपदक स्नातक तहमा सबैभन्दा बढी सिजीपीए ३ दशमलव ९९ प्राप्त गरी ब्याचलर अफ इञ्जिनियरिङ इन कम्प्युटर इञ्जिनियरिङ उत्तीर्ण गर्नुभएकी रिस्ता श्रेष्ठ तथा महेशनाथ पराजुली स्वर्णपदक स्कुल अफ एजुकेसनअन्तर्गत दुईवर्षे स्नातकोत्तर तहमा सबैभन्दा बढी सिजीपीए ३ दशमलब ९७ प्राप्त गरी माष्टर अफ एजुकेशन इन लिडरसीप एण्ड मेनेजमेन्ट उत्तिर्ण गर्ने अञ्जु कुमारीलाई प्रदान गरियो । दीक्षित हुनेमध्ये विद्यावारिधी तहका २१, एमफिल/माष्टरबाई रिसर्चका ९३, स्नातकोत्तर तहका २७९, पिजिडिई तहका दुई तथा स्नातक तहका एक हजार १३२ विद्यार्थी रहेको जनाइएको छ । दीक्षितमध्ये अष्ट्रेलिया, बङ्गलादेश, चीन, भारत, श्रीलङ्का, संयुक्त अधिराज्य र संयुक्त राज्य अमेरिकाका १७९ विद्यार्थी रहेको जानकारी दिइयो । विश्वविद्यालयका अनुसार यो सङ्ख्या अघिल्लो दीक्षान्त समारोहको तुलनामा करिब ५० प्रतिशत अधीक हो ।

आजको दीक्षान्तपछि केयूबाट दीक्षित हुने विद्यार्थीको सङ्ख्या ५१ हजार ५६७ पुगेको छ । दीक्षितमध्ये छ हजार ३९ जना विदेशी विद्यार्थी अर्थात् कूल उत्तीर्णको करिब १२ प्रतिशत पुगेको छ । दीक्षित हुनेमध्ये ५२ दशमलव ३९ प्रतिशत पुरुष र ४७ दशमलव ६१ प्रतिशत महिला विद्यार्थी रहेको जनाइएको छ ।

# नेपाललाई स्वर्णसहित तीन पदक

**रासस**
काठमाडौं, १९ असार

नेपालले १६औँ दक्षिण एसियाली शारीरिक सुगठन तथा फिजिक स्पोर्ट्स च्याम्पियनसिपमा स्वर्णसहित तीन पदक प्राप्त गरेको छ ।

भुटानको थिम्पुमा जारी प्रतियोगितामा एक स्वर्ण, एक रजत र एक कास्य पदक प्राप्त गरेको नेपाल शारीरिक सुगठन तथा फिट्नेस महासङ्घका सचिव दिनेशकुमार राजभण्डारीले जानकारी दिए । पुरुष स्पोर्ट्स फिजिक १७० सेन्टीमिटरमुनि आकाश श्रेष्ठले नेपाललाई स्वर्ण दिलाए । त्यसैगरी महिला एथलेटिक फिजिकमा सीता खत्रीले रजत जितिन् । पुरुष स्पोर्ट्स फिजिक १७० सेन्टीमिटरमाथि पुकार शाक्यले कास्य पदक हात पारे । तीनै खेलाडीको यो पहिलो अन्तरराष्ट्रिय प्रतियोगिता हो । दक्षिण एसियाली शारीरिक सुगठनको पहिलो संस्करणदेखि नै नेपाल सहभागी हुँदै आएको छ ।

# ‘कुखुराको मासु र अण्डा पकाएर खान सुरक्षित छ’

**रासस**
चितवन, १९ असार

कुखुराको मासु र अण्डा पकाएर खाँदा बर्डफ्लुबाट पूर्ण सुरक्षित हुन सकिने विज्ञहरूले बताउनुभएको छ । देशका विभिन्न भागमा बर्डफ्लुको सङ्क्रमण फैलिएपछि उपभोक्ता अन्योलमा भइरहेको बेला विज्ञहरूले कुखुराको मासु र अण्डा राम्ररी पकाएर खाँदा कुनै जोखिम नहुने बताउनुभएको हो ।

कृषि तथा वन विज्ञान विश्वविद्यालयका उपकुलपति प्रा डा होमबहादुर बस्नेतले पाकेको मासुमा भाइरस नहुने बताउनुभयो । उहाँले भन्नुभयो, “भाइरसको जोखिम काँचो मासुमा हुन्छ । राम्ररी पकाएको मासु र अण्डा खाँदा कुनै डर छैन ।” उहाँले काँचो मासु ल्याएर राखिएको भाँडा भने निःसङ्क्रमित गर्न सुझाव दिनुभयो । प्रा डा बस्नेतले भन्नुभयो, “ल्याएर काँचो मासु राखेको भाँडालाई भने सङ्क्रमणमुक्त बनाउनुपर्छ”, तातोपानीले भाँडालाई सफा गरेर सङ्क्रमणमुक्त गराउन सकिने उहाँले सुझाव दिनुभयो ।

बर्डफ्लुका विज्ञसमेत रहनुभएका प्रा डा बस्नेतले ४० डिग्री तापक्रम पुगेपछि भाइरस मर्ने जनाउँदै भन्नुभयो, “बर्डफ्लु लागेको कुखुराले अण्डा पार्न सक्दैन । त्यसैले अण्डा झनै सुरक्षित छ ।” बर्डफ्लु लागेपछि सबै कुखुरा नष्ट गरिने हुँदा सङ्क्रमित कुखुरा बजारमा आउने सम्भावना नहुने उहाँको भनाइ छ । सरकारले क्षतिपूर्ति दिने भएकाले कुखुरामा बर्डफ्लु देखिएमा तुरुन्त नष्ट गरेर बजारमा आउनबाट रोक्न प्रा डा बस्नेतले सुझाव दिनुभयो । “नेपालमा काँचो मासु खाने प्रचलन छैन । त्यसैले पनि बर्डफ्लुको जोखिम मानिसमा कम छ”, उहाँले भन्नुभयो । राष्ट्रिय पन्छी रोग अन्वेषण प्रयोगशाला चितवनका प्रमुख डा विजयकुमार श्रेष्ठले अहिले चितवन र आसपासका क्षेत्रमा बर्डफ्लुको कुनै सङ्क्रमण नभेटिएकाले मासु र अण्डा पकाएर खान सकिने बताउनुभयो । चितवनसहित छिमेकी २२ जिल्लाबाट यहाँ नमूना परीक्षणका लागि आउने जनाउँदै उहाँले जिल्लामा पछिल्लो समय गत जेठमा सङ्क्रमण देखिएको बताउनुभयो । त्यसअघि चैतमा एउटा फार्ममा सङ्क्रमण देखिएको भन्दै डा श्रेष्ठले किसानलाई सजग भएर काम गर्न सुझाव दिनुभयो । उहाँले भन्नुभयो, “फार्ममा काम गर्दा सुरक्षित भएर काम गर्नुपर्छ । कामदारले पञ्जा, बुट, एप्रोन, मास्कजस्ता सुरक्षाका उपकरण प्रयोग गर्नु उपयुक्त हुन्छ ।”

डा श्रेष्ठले जैविक सुरक्षामा ध्यान दिन सकेमा सङ्क्रमणबाट बच्न सकिने सुझाव दिनुभयो । किसानका फार्ममा कुखुरा मार्ने समस्या देखिएमा वा शङ्कास्पद देखिएमा तत्काल परीक्षण गर्न र रोग पुष्टि भएमा सो फार्मका अण्डा, कुखुरा र दाना बाहिर नलैजान उहाँले आग्रह गर्नुभयो ।

मासु र अण्डा राम्ररी पकाएर खाँदा कुनै समस्या नहुने भन्दै उहाँले रोग मानिसमा सर्ने जोखिम कम रहेको बताउनुभयो । मानिसबाट मानिसमा यो रोग नसर्ने भन्दै उहाँले भन्नुभयो, “पकाएर मासु र अण्डा खाँदा कुनै समस्या छैन ।” भाइरस बाहिरबाट फार्ममा भित्रिने भन्दै डा श्रेष्ठले खोरमा आफैँ भाइरस उत्पादन नहुने बताउनुभयो । उहाँले भन्नुभयो, “यो भाइरस बाहिरबाट आउने हो । चराचुरुङ्गी, गाडी, दाना, पानीको माध्यमबाट खोरमा भित्रिन सक्छ ।” चराचुरुङ्गीमार्फत सङ्क्रमण आउन सक्ने भन्दै उहाँले खोर वरिपरिका रुख काट्न पनि सुझाव दिनुभयो । राष्ट्रिय पन्छी रोग अन्वेषण प्रयोगशालाका अनुसार बर्डफ्लुबाट नष्ट गर्ने पोल्ट्रीजन्य सामग्रीमा जिल्ला दररेटको ७० प्रतिशत सरकारले क्षतिपूर्ति दिने गर्दछ ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. २१ कृस्ती सिमलचौरमा सुनारको घर हुँदै सडक स्तरोन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।**
योजनाको नाम : शहर बाटो सुनारको घर हुँदै सडक स्तरोन्नती
उपभोक्ता समितिको नाम : शहर बाटो सुनारको घर हुँदै सडक स्तरोन्नती उपभोक्ता समिति, पोखरा-२२, कास्की
उपभोक्ता समितिको अध्यक्षको नामः रामबहादुर केसी
सम्पर्क नं : ९८१७१६४१६७
जम्मा सदस्य संख्या : ७
महिला सदस्य संख्या : ३
योजना सम्झौता मिति : २०८२/११/०४
योजना सुरु मिति : २०८२/११/०५
सम्पन्न भएको मितिः २०८३/०३/०१
महानगरपालिकाबाट : रु. ५,००,०००/-
जनसहभागिता : रु. ५९,२०२/११
योजनाको कुल लागत : रु. ५,५९,२०२/११

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. ३२ स्थित टापुखोलामा ट्रस पुल निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।**
पुलको नाम : टापुखोला स्टिल ट्रस पुल
योजनाको नाम : झौरीचोक देखि टापुखोला फलामे पुल तथा सडक कालोपत्रे योजना, पोखरा-३२, कास्की
उपभोक्ता समितिको अध्यक्षको नामः बुद्धिमणी पंगेनी
सम्पर्क नं : ९८६६०९६३६०
जम्मा सदस्य संख्या : ७
महिला सदस्य संख्या : ३
योजना सम्झौता मिति : २०८३/०१/०८
योजना सुरु मिति : २०८३/०१/०९
सम्पन्न भएको हुने मितिः २०८३/०३/१५
सम्पन्न भएको मितिः २०८३/०३/१८
महानगरपालिकाबाट : रु. १५,००,३२३/२६
महानगरपालिकाबाट स्टिल पार्ट खरिद : रु. १२,६३,७६२/३५
जनसहभागिता : रु. १,८४,५१४/४८
योजनाको कुल लागत : रु. २९,४८,६००/०९


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : आर्थिक समस्या |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : झमेला बढ्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# ढाक्रेखोला सडकखण्ड १५ दिन बन्द

**पोखरापत्र संवाददाता**
दमौली, १९ असार

ऋषिङ गाउँपालिकाको श्रृङ्गपथ सडकअन्तर्गत वडा नम्बर ६ स्थित ढाक्रेखोलामा ढलान कार्य सुरु भएकाले त्यस सडक १५ दिन पूर्ण रूपमा अवरुद्ध हुने भएको छ ।

निर्माण कार्यको गुणस्तरीयता सुनिश्चित गर्न तथा कामलाई तीव्रता दिन बिहीबारदेखि १५ दिनसम्म उक्त सडकखण्ड बन्द रहनेछ ।

यस अवधिमा सर्वसाधारणलाई चालिसे-काहुँ-दमौली सडक तथा सिमनाथ-काहुँ-चालिसे सडक वैकल्पिक मार्गका रूपमा प्रयोग गर्न गाउँपालिकाले अनुरोध गरेको छ ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. २१ कृस्ती सिमलचौरमा सन्सेरी पंधेरा सडक स्तरोन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।**
योजनाको नाम : सन्सेरी पंधेरा सडक स्तरोन्नती
उपभोक्ता समितिको नाम : सन्सेरी पंधेरा सडक स्तरोन्नती उपभोक्ता समिति, पोखरा-२१, कास्की
उपभोक्ता समितिको अध्यक्षको नामः सु.हर्क बहादुर रानाभाट
सम्पर्क नं : ९८४६०२७०७२
जम्मा सदस्य संख्या : .७
महिला सदस्य संख्या : ४
योजना सम्झौता मिति : २०८२/११/०४
योजना सुरु मिति : २०८२/११/०५
सम्पन्न भएको मितिः २०८३/०३/०१
महानगरपालिकाबाट : रु. ५,००,०००/-
जनसहभागिता : रु. ५६,३६७/६९
योजनाको कुल लागत : रु. ५,५६,३६७/६९

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ०३, बालमन्दिर मा.वि.मा भवन निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।
योजनाको नामः बालमन्दिर मा.वि.मा भवन निर्माण
ठेगानाः पोखरा-०३
योजना शुरु हुने मितिः २०८२।१२।२६
योजना सम्पन्न हुने मितिः २०८३।०२।१०
कार्यक्रमको कुल लागतः १७,७९,१५०।३७
उपभोक्ताको तर्फबाट वेहोर्नेः १,७९,१५०।३७
पोखरा महानगरपालिकाको अनुदानः १६,००,०००।– (सोह्र लाख) वडा स्तरीय कार्यक्रम
उपभोक्ता समिति अध्यक्षः शोभाकर दहाल
सम्पर्क नं.: ९८४६०७८०१७
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः २ पुरुषः ५ जना

**वाल मन्दिरमा भवन निर्माण**
**उपभोक्ता समिति पोखरा-0३**


# खानेपानीको मुहानमा ‘कोलीफर्म’

**पोखरापत्र संवाददाता**
बागलुङ, १९ असार

यहाँस्थित ७७ स्थानका खानेपानी मुहानमा दिशामा पाइने कीटाणु (कोलीफर्म) भेटिएको छ ।

गाउँगाउँमा पुगेर खानेपानीका मुहानबाट नमूना पानी सङ्कलन गरी स्वास्थ्य कार्यालयको ल्यावमा परीक्षण गर्दा कोलिफर्मका कीटाणु फेला परेको स्वास्थ्य कार्यालय बागलुङ्का प्रमुख प्रवीण शर्माले जानकारी दिनुभयो । स्वास्थ्य कार्यालय बागलुङले नियमित खानेपानीको शुद्धता परीक्षण गर्ने क्रममा उक्त कीटाणु फेला परेको स्वास्थ्य कार्यालय बागलुङका ल्याव टेक्निसियन डिल्लीप्रसाद आचार्यले बताउनुभयो ।

खानेपानी गुणस्तर सर्भिलेन्सअन्तर्गत जिल्लाका ३६९ खानेपानीको मुहान परीक्षण गरिएको थियो । टेक्निसियन आचार्यले कोलिफर्म भेट्टिएका मुहानबाट सिधैँ प्राप्त हुने पानी नपिउन उपभोक्तालाई आग्रह गर्नुभयो । धौलागिरी अस्पताल बागलुङका डा सन्दीप केसी कोलिर्फम भेट्टिएका पानी पिउनाले ज्वरो, झाडापखाला, मलेरिया, टाइफाइट जस्ता रोग लाग्ने बताउनुहुन्छ । बागलुङ्का १० स्थानीय तहमध्ये ताराखोला गाउँपालिकाकामा रहेका पानीको मुहान परीक्षण हुन बाँकी छ, भने काठेखोला गाउँपालिका र निसीखोला गाउँपालिकामा भने खानेपानीको परीक्षणमा ‘ कोलीफर्म’ देखिएको छैन । सबैभन्दा धेरै खानेपानीको मुहान जैमिनी नगरपालिकामा परीक्षण गरिएको छ ।

जैमिनी नगरपालिकाको १३८ खानेपानीको मुहान परीक्षण गर्दा २७ खानेपानी मुहानमा ‘कोलीफर्म’ फेला परेको छ । चिकित्सकका अनुसार कोलिफर्म देखिएको खानेपानी सोझै खानु हानिकारक हुन्छ, खानेपानीलाई उमालेर अथवा अन्य विधिको प्रयोग गरेर मात्रै पिउन अनुरोध गरिएको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १८, सेदी चिप्लेटी सडक स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।
योजनाको नामः सेदी चिप्लेटी सडक स्तरोन्नती
ठेगानाः पोखरा-१८, सेदी
योजना सुरु हुने मिति : २०८३/०१/२८ गते
योजना सम्पन्न हुने मितिः २०८३/०३/०७ गते
योजनाको कुल लागतः रु. ११,१२,५८९.५
महानगरपालिकाबाटः रु. १०,००,०००।-
जनसहभागिताबाटः रु. १,१२,५६९।-
उपभोक्ता समिति अध्यक्षः भुपाल बहादुर थापा क्षेत्री
सम्पर्क नं.: ९८०५८५७२४५

**सेदी चिप्लेटी सडक स्तरोन्नती**
**उपभोक्ता समिति पोखरा-१८**


नेपाल सरकार
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
कास्की

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १३ निवासी भारतीय भु.पु.सैनिक नं. १४९१२९४४ A NK का डमर बहादुर गुरुङको माग निवेदन र संलग्न कागजात अनुसार निजको श्रीमती ना.प्र.नं. २९२७० कास्कीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर दिल सोभा गुरुङ (Dil Shobha Gurung) र जन्ममिति २०२६/०४/०१ (सन् १९६९/०७/१६) उल्लेख भएको र निजको भारतीय सैनिक अभिलेखमा निजको श्रीमतीको नामथर दिल शोवा गुरुङ (Dil Shoba Gurung) र जन्ममिति सन् १९६८/०१/०४ उल्लेख भइ फरक परेता पनि माथि उल्लेखित दुवै नामथर र जन्ममिति भएको व्यक्ति फरक फरक नभइ एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनि कास्की जिल्ला पोखरा महानगरपालिका, १३ नं. वडा कार्यालयको च.नं. ४०३२ मिति २०८१/०१/०३ को सिफारिस पत्रबाट लेखि आएकोले नियमानुसार हुन अनुरोध छ ।

**प्रमुख जिल्ला अधिकारी**

# विभागद्वारा बर्डफ्लु सङ्क्रमित पन्छी बिक्री नगर्न निर्देशन

**रासस**
काठमाडौं, १९ असार

पशुसेवा विभागले बर्डफ्लु सङ्क्रमण भएका कुखुरा, हाँस, बट्टाइलगायत पन्छी बिक्रीवितरण गरेमा सम्बन्धित व्यवसायीलाई कारबाही गर्ने जनाएको छ।

आमनागरिकको स्वास्थ्यसँग खेलवाड नगर्न आग्रह गर्दै विभागका प्रवक्ता डा मुकुल उपाध्यायले सङ्क्रमित पन्छी बजारमा बिक्री गरेको पाइएमा कानुनबमोजिम कडा कारबाही गरिने जानकारी दिनुभयो। गत चैतदेखि देशका ११ जिल्लामा फैलिएको बर्डफ्लुका भाइरसले स्वरूप परिवर्तन गर्न सक्ने खतरा रहेकाले सावधानी अपनाउन विभागले निर्देशन दिएको हो। रोगको सङ्क्रमण नियन्त्रण गर्न प्राविधिकको टोली सङ्क्रमित क्षेत्र काठमाडौँ, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, झापा, मोरङ, सुनसरी, महोत्तरी, बारा, चितवन र नवलपरासीमा सक्रिय रहेको बताउँदै उहाँले रोग अन्यत्र फैलिन नदिन उच्च सतर्कता अपनाइएको जानकारी दिनुभयो। सम्बन्धित जिल्लामा 'र्‍यापिड रेस्पोन्स टिम' परिचालन गरिएकाले केही जिल्ला नियन्त्रणमा आउने क्रममा छन्। मरेको कुखुरा जथाभावी फाल्दा, सङ्क्रमित पन्छी नष्ट गर्दा मान्छेमा सर्न सक्ने जोखिम रहेकाले विशेष सावधानी अपनाउन विभागले आग्रह गरेको छ।

काठमाडौँ उपत्यकालगायत बर्डफ्लु पुष्टि भएका ११ जिल्लामा करिब सात लाख पन्छी, ११ लाख अण्डा र तीन लाख किलो दानासमेत नष्ट गरिएको विभागले जनाएको छ। विभागका प्रवक्ता डा उपाध्यायका अनुसार बर्डफ्लुको खोप प्रभावकारी रूपमा विकास नभएकाले सङ्क्रमण देखिनासाथ पन्छी तथा पन्छीजन्य उत्पादन नष्ट गर्नुको विकल्प छैन। प्रभावित क्षेत्रका जिल्ला प्रशासन कार्यालयमार्फत नष्ट गरिएका पन्छीको मूल्याङ्कन गरी मुचुल्का उठाउने र सम्बन्धित जिल्लाका किसानलाई क्षतिपूर्ति उपलब्ध गराउन विवरण सङ्कलन कार्य भइरहेको जनाइएको छ।

# 'टर्बाइन' बिग्रिएपछि म्याग्दीका दुई गाउँमा अन्धकार

**पोखरापत्र संवाददाता**
म्याग्दी, १९ असार

पाँच किलोवाट क्षमताको महखोला लघुजलविद्युत् परियोजनाको टर्बाइन बिग्रिएपछि जिल्लाका दुर्गम गाउँ सिस्नेरी र खवाङका बासिन्दा अन्धकारमा बस्न बाध्य भएका छन्।

गत सोमबारदेखि बिग्रिएको टर्बाइन आजसम्म मर्मत नहुँदा दुई गाउँका सर्वसाधारणले बिजुली उपभोग गर्न नपाएका खवाङका स्थानीय चामबहादुर पुनले राससँग दुखेसो गर्नुभयो। नेपाल विद्युत् प्राधिकरणको बेनीस्थित वितरण केन्द्रका प्रमुख सत्यनारायण गामीले बिग्रेको टर्बाइन मर्मतसम्भार वा नयाँ प्रतिस्थापन गरेर ती गाउँमा बत्ती बाल्ने प्रयासमा आफूहरू रहेको जानकारी दिनुभयो।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. २२ घैयाखेत सडक स्तरोन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।**
**योजनाको नाम : घैयाखेत सडक स्तरोन्नती**
**उपभोक्ता समितिको नाम : घैयाखेत सडक स्तरोन्नती उपभोक्ता समिति, पोखरा-२२, कास्की**
**उपभोक्ता समितिको अध्यक्षको नाम: डिल बहादुर पुन**
**सम्पर्क नं : ९८४६०६४५२९**
**जम्मा सदस्य संख्या : ७**
**महिला सदस्य संख्या : ४**
**योजना सम्झौता मिति : २०८२/१२/२७**
**योजना सुरु मिति : २०८२/१२/२८**
**सम्पन्न भएको मिति: २०८३/०२/१०**
**महानगरपालिकाबाट : रु. ११,००,०००/-**
**जनसहभागिता : रु. १,२२,२२२/२२**
**योजनाको कुल लागत : रु. १२,२२,२२२/२२**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. २१ हर्राबोट मैदान स्यार्तुम रातामाटा पोखरीथोक हुँदै मैदान जाने बाटो सडक स्तरोन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।**
**योजनाको नाम : हर्राबोट मैदान स्यार्तुम रातामाटा पोखरीथोक हुँदै मैदान जाने बाटो निर्माण**
**उपभोक्ता समितिको नाम : हर्राबोट मैदान स्यार्तुम रातामाटा पोखरीथोक हुँदै मैदान जाने बाटो निर्माण स्तरोन्नती उपभोक्ता समिति, पोखरा-२१, कास्की**
**उपभोक्ता समितिको अध्यक्षको नाम: देबराज पोखेल**
**सम्पर्क नं : ९८५६०६७८५०**
**जम्मा सदस्य संख्या : ९ (महिला सदस्य संख्या : ४)**
**योजना सम्झौता मिति : २०८२/१०/२९**
**योजना सुरु मिति : २०८३/०२/०७**
**योजना सम्पन्न हुने मिति : २०८२/१२/३०**
**सम्पन्न भएको मिति: २०८३/३/१९**
**महानगरपालिकाबाट : रु. १३,००,०००/-**
**जनसहभागिता : रु. १,५१,६२१/२७**
**योजनाको कुल लागत : रु. १४,५१,६२१/२७**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. २१ लाटपानि सिम्ले मार्ग सडक स्तरोन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।**
**योजनाको नाम : लाटपानि सिम्ले मार्ग सडक स्तरोन्नती**
**उपभोक्ता समितिको नाम : लाटपानि सिम्ले मार्ग सडक स्तरोन्नती उपभोक्ता समिति, पोखरा-२१, कास्की**
**उपभोक्ता समितिको अध्यक्षको नाम: विश्वराज पोखरेल**
**सम्पर्क नं : ९८५६०३१०३२**
**जम्मा सदस्य संख्या : ९ (महिला सदस्य संख्या : ४)**
**योजना सम्झौता मिति : २०८२/१०/१८**
**योजना सुरु मिति : २०८२/१०/१९**
**योजना सम्पन्न हुने मिति : २०८२/१२/३०**
**सम्पन्न भएको मिति: २०८३/३/१६**
**महानगरपालिकाबाट : रु. १५,००,०००/-**
**जनसहभागिता : रु. १,६८,५९२/-**
**योजनाको कुल लागत : रु. १६,६८,५९३/१३**

# चौथो सिद्ध कप पुरुष भलिबल प्रतियोगिता 'बेनिकोटमा'

**पोखरापत्र संवाददाता**
तनहुँ, १९ असार

बेनीकोटमा यस वर्षको चौथो सिद्ध कप पुरुष भलिबल प्रतियोगिता बेनिकोटमा आयोजना गरिने भएको छ।

जिल्लाको व्यास नगरपालिका-१३, स्थित बेनीकोटमा सिद्धबाबा युवा क्लबको आयोजनामा हुन गइरहेको प्रतियोगिता साउन १२ देखि १६ गतेसम्म सञ्चालन हुने आयोजकले बताउनुभएको छ। क्लबका अध्यक्ष मनिस थापाले खेलकुदले युवालाई अनुशासित, जिम्मेवार र सामाजिक रूपमा सक्रिय बनाउन मद्दत पुऱ्याउने विश्वास लिएको बताउनुभयो। प्रतियोगितामा प्रथम पुरस्कार रु ६६ हजार ६६६, द्वितीय रु ४४ हजार ४४४ र तृतीय रु २२ हजार २२२ नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र रहेको छ।

त्यसैगरी, उत्कृष्ट खेलाडी, उत्कृष्ट स्पाइकर, उत्कृष्ट सेटर र उत्कृष्ट डिफेन्डरलाई पनि विशेष पुरस्कार, मेडल तथा प्रमाणपत्र प्रदान गरिने भएको छ। सहभागी टिमलाई दर्ता शुल्क रु पाँच हजार ५०० र प्रोटेस्ट शुल्क रु छ हजार तोकिएको छ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २४, स्थित बृन्दावन धाम पर्यटन पूर्वाधार निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः वृन्दावन धाम पर्यटन पूर्वाधार
ठेगानाः पोखरा-२४
योजना सम्झौता मिति : २०८३/०१/३१ गते
योजना सुरु मितिः २०८३/०२/०१ गते
योजना सम्पन्न हुने मितिः २०८३/०३/२५ गते
योजना सम्पन्न भएको मितिः २०८३/०३/१५ गते
योजनाको कुल लागतः रु. १५,५६,६०९.७४
महानगरपालिकाबाट प्राप्तः रु. १४,००,०००।-
उपभोक्ता समितिबाटः रु. १,५५,५५५.५६
उपभोक्ता समिति अध्यक्षः बुद्धि बहादुर श्रेष्ठ
सम्पर्क नं.: ९७४५९९६६८६

**बृन्दावन धाम पर्यटन पूर्वाधार निर्माण उपभोक्ता समिति पोखरा-२४**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २४, रातामाटा बाहुनपानी काफलगैरी मोटरवाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः रातामाटा बाहुनपानी काफलगैरी मोटरवाटो निर्माण
ठेगानाः पोखरा-२४, कास्कीकोट रातामाटा
योजना सम्झौता मिति : २०८२/१०/१४ गते
योजना सम्पन्न हुने मितिः २०८३/०१/२५ गते
योजना सम्पन्न भएको मितिः २०८३/०३/१८ गते
योजनाको कुल लागतः रु. ११,१४,३३६।-
महानगरपालिकाबाटः रु. १०,००,०००।-
जनसहभागिताबाटः रु. १,१४,३३६।-
उपभोक्ता समिति अध्यक्षः केशव प्रसाद तिमिल्सना
सम्पर्क नं.: ९८४६२६०५४१
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**रातामाटा बाहुनपानी काफलगैरी मोटरवाटो निर्माण उपभोक्ता समिति पोखरा-२४, कास्कीकोट रातामाटा**

# तेह्र सय घरमा खानेपानी सुविधा विस्तार

**पोखरापत्र संवाददाता**
म्याग्दी, १९ असार

मालिका गाउँपालिकाका एक हजार ३०० भन्दा बढी घरधुरीमा निजी धारा जडान गरेर खानेपानी सुविधा विस्तार गरिएको छ।

मालिकाको १, २, ३ र ७ नम्बर वडामा पर्ने निस्कोट, रुम, डाडागाउँ र बिम डाडागाउँका एक हजार ३३० घरमा निजी धारा जडान गरेर खानेपानी वितरण गरिएको हो। नेपाल स्वास्थ्यका लागि पानी (नेवा) र मालिका गाउँपालिकाको आर्थिक/प्राविधिक सहयोग तथा उपभोक्ताहरूको श्रमदानमा 'एक घर, एक धारा' मार्फत खानेपानी सुविधा विस्तार भएको गाउँ कार्यपालिकाका प्रवक्ता अनुप गौचनले जानकारी दिनुभयो।

"सङ्घीय र प्रदेश सरकार तथा विभिन्न परियोजनामार्फत यसअघि खानेपानी योजना निर्माण भएको ४, ५ र ६ सहित सबै वडाका छुटेकाका घरपरिवार पहिचान गरेर खानेपानी सुविधा विस्तारको तयारीमा छौँ", उहाँले भन्नुभयो, "छुटेकाहरूलाई आगामी आर्थिक वर्षको बजेटमार्फत सम्बोधन गरी शतप्रतिशत घरमा स्वच्छ र सफा खानेपानी सुविधा विस्तार गर्ने लक्ष्य छ।" सातवटा वडा रहेको मालिका गाउँपालिकामा



चार हजार ५९० घरपरिवारमा १८ हजार ३३२ जनसङ्ख्याको बसोबास छ।

पानीको मितव्ययी, व्यवस्थित र दिगो प्रयोगका लागि प्रत्येक धारामा मिटर जडान भएको छ। धाराको छेउमा भाँडा सुकाउने चाङ निर्माण छ। मालिका गाउँपालिका-२ मा ७४९ घरपरिवारमा खानेपानी सुविधा विस्तार भएको वडाध्यक्ष उदयकुमार बुढाथोकीले बताउनुभयो।

"विसं २०८२ मा निर्माण भएको खवाङ्ग शेरेधारा, धुल्वाङ र घाङलेपानी खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनामार्फत ३३८ घरपरिवारमा खानेपानी विस्तारभएकोछ", उहाँलेभन्नुभयो, "आव २०८०/८१ मा ठूलोरुमका २७३, कलात भनारीमा ७४ र विल्वाङमा ६४ घरमा 'एक घर, एक धारा'सहितको खानेपानी सुविधा विस्तार भएको थियो।" वडा नं १ निस्कोटमा १२५ र वडा नं ३ को डाडाँगाउँ, किटेनी, औल, सराग्दी, स्यागलुङका २२५ घरपरिवार, पात्लेका १२२ र लुम्पीपारका ५३ घरपरिवार लाभान्वित भएका छन्।

वडा नं ७ को डाडाँगाउँमा ५६ घरमा एक घर, एक धारामार्फत खानेपानी सुविधा विस्तार भएको छ। घरमै खानेपानी सुविधा भएपछि समयको बचत, सार्वजनिक धारामा पालो पर्खनुपर्ने र कुवाखोल्साको दूषित पानी प्रयोग गर्नुपर्ने समस्याको अन्त्य भएको मालिका-२ रुमकी विपना पटेलले बताउनुभयो।

# तल्लो सेती जलविद्युत् आयोजना निर्माणका लागि जग्गा अधिग्रहण सुरु

**पोखरापत्र संवाददाता**
दमौली, १९ असार

अमेरिकी डलर २२७ मिलियनको लागतमा तनहुँमा निर्माण हुन गइरहेको १२६ मेगावाट क्षमताको तल्लो सेती जलविद्युत आयोजनाको जग्गा अधिग्रहणका लागि क्षतिपूर्ति निर्धारण गरिएको छ।

प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीको अध्यक्षतामा हालै बसेको मुआब्जा निर्धारण समितिको बैठकले आयोजनाका लागि अधिग्रहण गरिने जग्गामा रहेका संरचनाको मुआब्जा निर्धारण गरेको हो। विद्युत्गृह, कार्यालय भवन, कर्मचारी आवास तथा अन्य संरचना निर्माणका लागि अधिग्रहण गरिने जग्गामा रहेका घर, गोठ, टहरा तथा अन्य संरचनाको क्षतिपूर्ति निर्धारण गरिएको तल्लो सेती जलविद्युत आयोजनाका प्रमुख हरि कुमार श्रेष्ठले जानकारी दिनुभयो। नेपाल विद्युत् प्राधिकरणको पूर्ण स्वामित्वमा रहेको तनहुँ हाइड्रोपावर लिमिटेडले उक्त कार्यका लागि आर.के. हाइड्रो इन्जिनियरिङ एण्ड एशोसिएट्स प्रालि काठमाडौसँग ठेक्का सम्झौता गरेको छ।

विंस २०८० फागुन ७ गते सम्पन्न ठेक्का सम्झौतापछि विस्फोटक पदार्थ प्रयोगसम्बन्धी स्वीकृति प्रक्रियामा भएको ढिलाइका कारण सो आयोजना निर्माण केही समय प्रभावित भएको थियो। आयोजना प्रमुख श्रेष्ठले आयोजनाबाट वार्षिक ५२० दशमलव ७८ करोड युनिट विद्युत् उत्पादन गर्ने लक्ष्य रहेको बताउनुभयो। आयोजनाको बाँध तनहुँ जिल्लाको बन्दीपुर गाउँपालिकाअन्तर्गत सारङघाट नजिक सेती नदीमा निर्माण गरिनेछ। आयोजनाको विस्तृत परियोजना प्रतिवेदन एसियाली विकास बैङ्कको अनुदान सहयोगमा तयार गरिएको हो। बन्दीपुर गाउँपालिका-६, व्यास नगरपालिका-१३, १४, देवघाट गाउँपालिका-२, ३ र ४, ऋषिङ गाउँपालिका-१ र ३, आँबुखैरेनी गाउँपालिका-५ र ६, भरतपुर महानगरपालिका-२९ का केही भाग प्रभावित हुनेछन्।

देवघाट गाउँपालिका-४ गाईघाटमा अर्धभूमिगत विद्युत् गृहको निर्माण गरी उत्पादन गरिने छ। उत्पादित विद्युत्लाई तनहुँ जलविद्युत आयोजनाले निर्माण गरेको २२० केभी दमौली-नयाँ भरतपुर प्रसारण लाइनमा जोडी राष्ट्रिय विद्युत् प्रणालीमा समाहित गरिने भएको छ। आयोजनाबाट वार्षिक ५२ करोड युनिट विद्युत् उत्पादन हुनेछ।

## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला फेदीखोला गाउँपालिका वडा नं. ०३ निवासी भारतीय भू.पु. सैनिक नं. 13742376P का HAV पूर्ण बहादुर रानाभाटको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर पुर्ण बहादुर रानाभाट र जन्ममिति वि.स. २०१४/११/०६ (16 Feb 1958 A.D.) भएको र निजको भारतीय पेन्सन अभिलेखमा नामथर पुर्ण बहादुर खत्री र जन्ममिति वि.स. २०१६/०७/२८ (14 Nov 1959 A.D.) उल्लेख भएको त्यसै गरी श्रीमती विष्णु माया रानाभाटको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर विष्णु माया रानाभाट र जन्ममिति वि.स. २०१९/०९/१४ भएको र भारतीय पेन्सन अभिलेखमा नामथर विष्णु माया र जन्ममिति वि.स. २०२१/०७/३० उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर जन्ममिति भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त गाउँपालिका ०३ नं वडा कार्यालयको च.न. ३२५ मिति २०७८/०८/१३ र ७७८ मिति २०८३/०३/१७ को पत्रबाट लेखी आएकोले सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

जिल्ला प्रशासन कार्यालय, स्याङ्जा

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं २० निवासी भारतीय भू.पू. सैनिक नं 5343318 3/4GR का रुद्र बहादर घर्ती भन्ने रुद्र बहादुर रानाको श्रीमती लक्षीमा घर्तीको नेपाली नागरिकता प्रमाणपत्र नं ४६-०१-७४-००२६३ (जारी मिति २०७४/०१/१२- कास्की) मा नामथर लक्षीमा घर्ती, जन्ममिति २०१७/१०/०४ इ.सं. १९६१/०१/१७ र निजको श्रीमानको सैनिक अभिलेखमा नामथर लक्ष्मी देवी राना, जन्ममिति इ.सं १९६४/०१/२१ वि.सं २०२०/१०/०७ उल्लेख भई फरक परेता पनि उल्लेखित फरक फरक नामथर र जन्ममिति गरेको व्यक्ति फरक नभई एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनि पोखरा महानगरपालिका २० नं वडा कार्यालय, कास्कीको च.नं. २२८१ क मिति २०८३/०३/१९ गतेको सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**